नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशु प्रजनन केन्द्र
पोखरा,कास्की ।

# सिलबन्दी दरभाउपत्र आव्हान संबन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०२/०७

यस कार्यालयबाट चालु आ.ब को स्वीकृत कार्यक्रम अनुसार आ.ब.२०७४।०७५ मा निम्नानुसारको कार्य ठेक्कापट्टाको माध्यमबाट गराउनु पर्ने भएको हुदा सो सम्बन्धी कार्य गर्ने ईजाजत प्राप्त फर्म तथा सप्लार्यसहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले सिलबन्दी दरभाउपत्र १५ औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालबाट चालु आ.ब को लागि नविकरण भएको इजाजत पत्र,आयकर एवं मू .अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संग्लन राखी यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. खरिद भएको दरभाउपत्र फाराममा भर्नुपर्ने सबै पानाहरुमा स्पस्टसँग भरी प्रत्येक पानामा सही छाप गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र यस कार्यालयको नाममा संबोधन गरी ठेक्का नम्वर, कामको विवरण, दरभाउपत्रवालाको नाम, ठेगाना स्पष्ट रुपमा खुलाई सिलबन्दी लाहाँछाप गरी यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ ।

३. प्राप्त भएका दरभाउहरु, यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको १.०० बजे उपस्थित भएका दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

४. बोलपत्र खरीद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेको खण्डमा उक्त कार्यहरु विदाको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

५. सिलबन्दी दरभाउपत्र साथ को.ले.नि.का. कास्कीको राष्टिय बाणिज्य बैंक, पोखरा पृथ्विचोक स्थित धरौटी खाता नं. ३०२०२०३०००००० मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट "क" वर्गको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र पेशगर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको दरभाउपत्र जमानत पेश गर्नु पर्ने छ ।

६. समय भित्र प्राप्त नभएको, रित नपुगेको, दरभाउपत्र माथि कारवाही हुनेछैन ।

७. प्राप्त हुन आएका दरभाउपत्र स्विकृत गर्ने, रद्द गर्ने, आंसिकरुपमा स्विकृत गर्ने वा नगर्ने संपूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३(पहिलो संसोधन २०७३) र सार्वजनिक खरिद नियमावली २०६४(ससोधन सहित ) तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

९. यस सम्बन्धि अन्य कुराको जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस कार्यालयको फोन नं ०६१-६२२२८४ वा कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

तपशिल

| सि. नं. | ठेक्का नम्बर | कामको विवरण | दरभाउपत्र पाईने स्थान | लगत अनुमान (भ्याट र कन्टेन्जेन्सी बाहेक) | दरभाउपत्र दस्तुर रु | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०५/०७४/०७५ | बायो सेकुरेटि गेट निर्माण | राष्ट्रिय पशु प्रजनन केन्द्र पोखरा,कास्की । | १३,७८,९०४।६० | १०००।- | ४१,०००।- | |

२०७५।२।६

प्रमुख पशु विकास अधिकृत